राजनीतिक परिवेश विश्लेषण
अङ्क २४ | कात्तिक २०८३

# न्यायको दुष्कर यात्रामा द्वन्द्वकालीन यौनहिंसा पीडित



DEMOCRACY
RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

# न्यायको दुष्कर यात्रामा द्वन्द्वकालीन यौनहिंसा पीडित

अङ्क २४ | कात्तिक २०८३

DEMOCRACY
RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
ललितपुर, नेपाल

राजनीतिक परिवेश विश्लेषण

# न्यायको दुष्कर यात्रामा द्वन्द्वकालीन यौनहिंसा पीडित

अङ्क २४ | कात्तिक २०८३

*प्रकाशक*

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

ललितपुर, नेपाल

फोन : ०१-५९०२२८६

इमेल : info@democracyresource.org

www.democracyresource.org

सर्वाधिकार © डीआरसीएन

यो राजनीतिक परिवेश विश्लेषण द कार्टर सेन्टर र डिटी इन्स्टिच्युटको सहयोगमा तयार पारिएको हो । यस अध्ययनको विश्लेषण तथा निष्कर्ष डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) का हुन् र तिनले सहयोगी संस्थाको विचारलाई प्रतिबिम्बित गर्दैनन् ।

# विषयसूची


**१. परिचय ..... १**

**२. कानूनी तथा संस्थागत उपेक्षा ..... २**

२.१ कानूनी अड्चन ..... २

२.२ आयोगको परनिर्भरता : पीडितमाथि उपेक्षा ..... ३

**३. सामाजिक लाञ्छना र बहिष्करण ..... ६**

३.१ सामाजिक लाञ्छना र बहिष्करण ..... ६

३.२ पुरुष तथा अन्य लैङ्गिक पहिचानका पीडित ..... १०

**४. उजुरीदेखि न्यायसम्म: उपलब्धि र बाँकी चुनौती ..... १२**

४.१ असंवेदनशील उजुरी प्रक्रिया ..... १२

४.२ गोपनीयता र अनुसन्धानका चुनौती ..... १५

**५. परिपूरण ..... १८**

५.१ अन्तरिम राहतमा विभेद ..... १८

५.२ परिपूरण, सार्वजनिक स्वीकारोक्ति र स्मृतिकरण ..... १९

**६. राजनीतिक जिम्मेवारी ..... २१**

**७. निष्कर्ष ..... २४**

# १. परिचय

मंसिर ५, २०६३ मा सरकार र तत्कालीन नेकपा (माओवादी) बीच विस्तृत शान्ति सम्झौता भएपछि नेपालले शान्ति प्रक्रिया, संविधान निर्माण र राजनीतिक पुनर्संरचनाको लामो यात्रा तय गऱ्यो। त्यसपछि द्वन्द्वका असर सम्बोधन गर्न सङ्क्रमणकालीन न्याय प्रक्रिया थालियो। द्वन्द्वकालीन दस वर्षमा राज्य र विद्रोही दुवै पक्षबाट यौनहिंसा भए पनि तिनको यथार्थ सङ्ख्या यकिन छैन। यद्यपि जेठ ४, २०८२ बाट भदौ ५, २०८२ सम्म छुट उजुरी आह्वान गरिएकोमा अघिल्ला ३१४ सहित कुल उजुरी ४,२३१ पुगे। उजुरी लिइए पनि त्यसपछि अनुसन्धान, सत्यको अभिलेखीकरण, दोषीलाई कारवाही तथा जवाफदेहिताको सुनिश्चितता, उपचार, परिपूरण र दीर्घकालीन आर्थिक सहयोग लगायतका केही पनि काम भएका छैनन्।

यस विश्लेषणमा द्वन्द्वकालीन यौनहिंसा पीडितको सङ्घर्ष, कानूनी उपचार तथा न्यायको दुष्कर यात्रा, अहिलेसम्मको उपलब्धि र रास्वपाजस्ता नयाँ राजनीतिक शक्तिका लागि यो विषयले ल्याएको जिम्मेवारी तथा अवसरको लेखाजोखा गरिएको छ। त्यसका लागि पीडित, तिनका परिवार, अधिकारकर्मी तथा सरोकारवालासँग अन्तरवार्ता गरिएको थियो। साथै, द्वन्द्वकालीन यौनहिंसाबारे प्रकाशित समाचार तथा अनुसन्धान प्रतिवेदन पनि विश्लेषणमा उपयोग गरियो।

# २. कानूनी तथा संस्थागत उपेक्षा

## *२.१ कानूनी अड्चन*

द्वन्द्वको अन्त्यपछि पनि कानूनी हदम्याद, प्रमाण सङ्कलनको जटिलता र राजनीतिक उदासीनताका कारण यौनहिंसाका पीडितहरूले लामो समयसम्म न्याय पाउन सकेका छैनन् । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ (ध) मा सशस्त्र द्वन्द्वको क्रममा मानवअधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरूबारे सत्य अन्वेषण गर्न तथा समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने भनिएको थियो । तथापि यौन हिंसाजस्ता गम्भीर अपराधको कानूनी परिभाषा र पीडितले न्याय पाउने गरी कार्यान्वयनको संरचनाबारे यहाँ केही भनिएको थिएन । नेपालको संविधान २०७२ मा पनि यसबारे तोकेर केही पनि लेखिएन ।

पीडित तथा राजनीतिकर्मी देवी खड्का भन्छिन्, "बलात्कार भनेको के हो, कस्तोलाई यौनहिंसा मान्ने भन्ने परिभाषा नै थिएन ।"[१] त्यसैले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ पहिलो पटक लागु हुँदा जबर्जस्ती करणी वा गम्भीर यौनजन्य हिंसालाई छुट्टै अपराधका रूपमा स्पष्ट उल्लेख गरिएन । यौनहिंसा पीडितले यातना पीडितका रूपमा उजुरी फारममा आफ्ना विवरण भरेका थिए ।

उपयुक्त संरचना र प्रक्रियाबिना बलात्कारजस्तो जघन्य अपराधको उजुरी गर्न लगाउनु असंवेदनशील र अपरिपक्व कार्य थियो । हदम्याद लगायतका कानूनी कमजोरीलाई चुनौती दिँदै पीडित समुदाय र अधिकारकर्मीहरूले यो विषयलाई अदालत पुऱ्याए । अदालतले कानून संशोधन गर्न आदेश दिएपछि नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रियाको दिशा बदलियो । तर, संशोधिन नयाँ ऐन बन्न करिब एक दशक लाग्यो । दलहरूबीच सहमति नहुँदा र छोटो छोटो समयमा सरकार परिवर्तन हुँदा ऐन संशोधन प्रक्रिया बारम्बार शून्यबाट सुरु गर्नुपरेको

[१] खड्कासँग वैशाख ३१, २०८३ मा गरिएको कुराकानी ।

थियो। अधिकारकर्मी मन्दिरा शर्माका अनुसार यसैबीच बेलायतमा गिरफ्तार भएका तत्कालीन नेपाली सेनाका कर्णेल कुमार लामाविरुद्ध विश्वव्यापी क्षेत्राधिकार (युनिभर्सल जुरिस्डिक्सन) प्रयोग भएपछि मात्र नेपालका राजनीतिक दललाई यो विषयमा अन्तर्राष्ट्रिय कानून पनि लागू हुन्छ भन्ने महसुस भएको थियो।[२]

पीडितहरूको निरन्तरको दबाबपछि २०८१ सालमा भएको ऐनको तेस्रो संशोधनले जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसालाई मानवअधिकारको गम्भीर उल्लङ्घनमा स्पष्ट रूपमा राख्यो, र यस्ता अपराधमा मेलमिलाप हुन नसक्ने व्यवस्था गऱ्यो।[३] साथै, जबरजस्ती करणी वा गम्भीर यौनजन्य हिंसा र काबु बाहिरको परिस्थिति परी यसअघि उजुरी दिन छुट भएका पीडितलाई तीन महिनाभित्र उजुरी दिनसक्ने व्यवस्था पनि ऐनको तेस्रो संशोधनमा गरियो।

## २.२ आयोगको परनिर्भरता : पीडितमाथि उपेक्षा

आयोगले पहिलो पटक नै उजुरी सङ्कलन गर्दा सीमित सङ्ख्यामा यौनहिंसाका घटना परेका थिए। तर तिनलाई लामो समयसम्म बेवास्ता गरियो। राजनीतिक दल पनि यो विषयमा मौन बसे। आयोगमा दर्ता भएका उजुरीलाई छलफलमा नल्याइएको प्रसङ्ग स्मरण गर्दै पीडित तथा राजनीतिकर्मी देवी खड्का भन्छिन् :

> २०७८ सालमा हामीले पीडित सङ्गठित गर्ने अभियान सुरु गर्ने क्रममा सत्य निरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष गणेशदत्त भट्टसँग सोध्दा यौनहिंसासम्बन्धी सबै (३१४ वटा) उजुरीहरू अघोषित तामेलीमा राखिएको थाहा भयो। 'तिनलाई किन प्रारम्भिक छानबिनमा ल्याउनुभएन ?' भन्ने हाम्रो प्रश्नमा उहाँले भन्नुभयो, 'त्यो निकाल्न उच्च तहको राजनीतिक निर्णय चाहिन्छ, हाम्रो अधिकारले मात्र पुग्दैन।' पछि अलिकति दबाब दिएपछि उहाँले यस्ता संवेदनशील मुद्दामा काम गर्न जनशक्ति छैन, तालिम छैन, सुरक्षा छैन भन्ने कारण देखाउनुभयो। यदि पहिलो वा दोस्रो आयोगले काम सकेको भए सत्य निरूपण तथा मेलमिलाप आयोगको प्रतिवेदनमा 'नेपालमा द्वन्द्वकालमा यौनहिंसा नै भएन' भन्ने निष्कर्ष आउने थियो। राज्यले यौनजन्य हिंसाको

---

[२] शर्मासँग भदौ २३, २०८३ मा गरिएको कुराकानी।

[३] बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (तेस्रो संशोधन) को दफा २ (ज) र दफा २६ (२)।

मुद्दालाई दबाउन जानाजानी लिएको कदम थियो यो । कहिलेकाहीँ नराम्रो कुरा पनि राम्रोको लागि हुन सक्छ भनेझैँ, सङ्क्रणकालीन न्यायको प्रक्रिया टुङ्गोमा नपुग्दा हामीले त्यसमा थप काम गर्न पायौँ ।[४]

यसले सङ्क्रमणकालीन न्याय प्रक्रियामा यौनजन्य हिंसाजस्ता जघन्य अपराधको अनुसन्धानसमेत उच्च राजनीतिक स्वीकृतिमा निर्भर रहेको तथ्य उजागर गर्छ । पीडितले आफै आवाज उठाउँदै दबाब दिएपछि मात्र राज्यले केही सुन्न थालेको अध्ययनका क्रममा हामीले भेटेका पीडितहरूले बताए । सङ्क्रमणकालीन न्याय प्रक्रिया लम्बिँदा राज्यबाट र विद्रोही पक्षबाट पीडित भएकाहरू एक ठाउँमा आएर आफ्नो मुद्दाको आफै आवाज बनेको द्वन्द्व पीडित तथा अधिकारकर्मी गीता रसाइली बताउँछिन् ।[५] सरोकारवालाले उपेक्षा गर्न थालेपछि तत्कालीन समयमा द्वन्द्व पीडितसँग काम गरिरहेका संस्थाहरूले पीडितलाई नै सशक्तीकरण गर्न थालेका थिए । पीडित १[६] ले पनि सङ्घ संस्थाको पहलका साथै पीडितहरू आफै सङ्गठित भएपछि मात्रै आफू यौनहिंसा पीडितका रूपमा उजुरीका लागि तयार भएको बताइन् ।[७]

नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रिया लामो समयदेखि राजनीतिक सहमति, कानूनी विवाद र संस्थागत कमजोरीका कारण प्रभावित हुँदै आएको छ । सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन भए पनि पीडितले अपेक्षा गरेअनुसार अनुसन्धान र न्यायको प्रक्रिया अघि बढ्न सकेन । कानून संशोधन हुनु एउटा महत्त्वपूर्ण उपलब्धि भए पनि पर्याप्त थिएन । अधिकारकर्मी शर्मा सङ्क्रमणकालीन न्यायसम्बन्धी कानून निर्माणको प्रक्रियामा राजनीतिक दलहरूको इमान्दार प्रतिबद्धताको अभाव मुख्य अवरोध रहेको बताउँछिन् ।[८] यसमा पनि तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीले पर्याप्त पहल नगरेको उनको दाबी छ । उनी भन्छिन्, "माओवादी पटक पटक सरकारमा गए पनि द्वन्द्वकालीन यौनहिंसालाई कहिल्यै प्राथमिकतामा राखेन । विद्रोही माओवादी पक्षबाट पनि यौनहिंसा भएको हुँदा सजायको भागीदार हुनुपर्ने भयले तिनले आफ्नै पक्षका पीडितलाई समेत यो मुद्दामा सहयोग गरेनन् ।"

---

[४] खड्कासँग वैशाख ३१, २०८३ मा गरिएको कुराकानी ।

[५] रसाइलीसँग साउन ४, २०८३ मा गरिएको कुराकानी ।

[६] आफ्नो नाम उल्लेख गर्न नचाहने पीडितलाई पीडित १, पीडित २ र पीडित ३ भनेर उल्लेख गरिएको छ ।

[७] पीडित १ सँग भदौ १८, २०८३ मा गरिएको कुराकानी ।

[८] शर्मासँग भदौ २३, २०८३ मा गरिएको कुराकानी ।

ऐन परिमार्जन भएपछि द्वन्द्वकालीन मुद्दाहरू, विशेषगरी यौनहिंसा र बलात्कारका घटनालाई अन्तिम किनारा लगाउने मुख्य जिम्मेवारीसहित तेस्रो पटक आयोगमा नयाँ नेतृत्व ल्याइयो । तेस्रो कार्यकालमा दलीय भागबन्डामा पदाधिकारी नियुक्त गरिएको भन्दै व्यापक विरोध गरियो । अघिल्ला दुई कार्यकालमा आयोगसँग पीडितले आलोचनात्मक सहकार्य गरेको भए पनि तेस्रो पटक पदाधिकारी नियुक्ति भएपछि भने तिनले आयोगलाई बहिष्कार नै गरेको सङ्क्रमणकालीन न्यायकी अध्येता रुकमणी महर्जनले बताइन् ।[९]

चैत्र १३, २०८२ मा गठन भएको रास्वपा सरकारले यसअघिका राजनीतिक नियुक्ति खारेज गर्दा सत्य निरूपण तथा मेलमिलाप आयोगलाई पनि पदाधिकारीविहीन बनाइदियो । सत्य निरूपण तथा मेलमिलाप आयोगकी सचिव निर्मला अधिकारी भट्टराईका अनुसार आयोगमा पदाधिकारी नियुक्त नहुँदासम्म उजुरीमा काम गर्ने कानूनी अधिकार हुँदैन । उनी भन्छिन्, "यौनहिंसा पीडितले आफ्नो पीडा राख्न सक्ने विश्वासको वातावरण निर्माण गर्नमा नै धेरै लामो समय लाग्यो । अहिले बल्ल उहाँहरू आफ्नो पीडा भन्न सक्ने हुनुभएको छ । तर आयोगमा पदाधिकारी नहुँदा त्यसमा काम गर्न सकिरहेका छैनौँ ।"[१०]

आयोगका पदाधिकारीको पदावधि सकिने, म्याद थप नहुने क्रमले पीडितको विश्वासमा पार्ने असर पनि गम्भीर छ । वर्षौंसम्म न्यायको प्रतीक्षामा बसेका व्यक्तिले नयाँ पदाधिकारी नियुक्त हुँदा आशा गर्छन् । उजुरी दर्ता गर्छन्, आफ्नो अनुभव सार्वजनिक गर्छन् र अनुसन्धानको अपेक्षा राख्छन् । तर संस्था नै निष्क्रिय वा पदाधिकारीविहीन हुँदा पीडितहरू पुनः अनिश्चयतिर धकेलिने जोखिम उच्च हुन्छ । हरेक पटक आयोग राजनीतिक भागबण्डाको विवादमा घेरिने गरेको छ । द्वन्द्व पीडित तथा अधिकारकर्मी गीता रसाइली आयोगमा भएका नियुक्तिले पीडितलाई भरोसा दिलाउन नसकेको बताउँछिन् ।[११] उनका अनुसार पीडित नै आयोगमा हुनैपर्छ भन्ने होइन तर पीडितलाई साथ लिएर काम गर्ने सक्ने नेतृत्व नहुनु विडम्बना हो ।

राज्यको दायित्व सरकार वा आयोगसँगै समाप्त हुँदैन । सरकार परिवर्तन भए पनि पीडितको उजुरी, उनीहरूको सुरक्षा र न्यायको जिम्मेवारी राज्यकै रहन्छ । त्यसैले संस्थागत निरन्तरता, अभिलेख संरक्षण र पीडितसँगको सम्पर्कलाई राजनीतिक परिवर्तनबाट अलग राख्नुपर्ने धारणा अधिकारकर्मी द्वय मन्दिरा शर्मा र गीता रसाइलीको छ ।[१२]

---

[९] महर्जनसँग कात्तिक १४, २०८३ मा गरिएको कुराकानी ।

[१०] भट्टराईसँग भदौ २४, २०८३ मा गरिएको कुराकानी ।

[११] रसाइलीसँग साउन ४, २०८३ मा गरिएको कुराकानी ।

[१२] शर्मासँग भदौ २३, २०८३ मा र रसाइलीसँग साउन ४, २०८३ मा गरिएको कुराकानी ।

# ३. सामाजिक लाञ्छना र बहिष्करण

## *३.१ सामाजिक लाञ्छना र बहिष्करण*

वि. सं. २०६३ मा मानवअधिकार सञ्चार प्रतिष्ठानले चार जिल्लामा अनुसन्धान गरी प्रकाशित गरेको प्रतिवेदन[१३] ले द्वन्द्वकालमा बलात्कार तथा यौनहिंसा भएको भनी उल्लेख गरेको भए पनि सार्वजनिक छलफलमा भने देवी खड्काले २०६४ को संविधानसभामा बोलेपछि मात्रै यस विषयले प्रवेश पाएको हो । यद्यपि खड्कामाथि भएको यौनहिंसाको घटनालाई भने तत्कालीन माओवादी आफैले द्वन्द्वकालमै बाहिर ल्याएको थियो ।

सशस्त्र द्वन्द्वका क्रममा राज्य पक्षका सुरक्षाकर्मी र तत्कालीन माओवादी पक्षबाट महिलामाथि बलात्कार तथा यौनहिंसा भएका घटना अन्य अध्ययनले पनि देखाएका छन् । सन् २०१४ मा ह्युमन राइट्स वाचले प्रकाशित गरेको प्रतिवेदनले दुवै पक्षबाट यौनहिंसा भएको र पीडितलाई सामाजिक लाञ्छना, उपचारको अभाव र न्यायमा अवरोध रहेको तथ्य उजागर गरेको थियो ।[१४] त्यसको एक दशकभन्दा बढी समय बितिसक्दा पनि आधारभूत प्रश्न उस्तै छ: युद्धका क्रममा यौनहिंसा भोगेका व्यक्तिलाई राज्यले कहिले र कसरी द्वन्द्वपीडितका रूपमा स्वीकार गर्छ ? तत्कालीन समयमा सुरक्षा फौजले पक्राउ गरेका सबै महिलामाथि बलात्कार भयो भन्ने गलत बुझाइ व्याप्त भएकाले पनि यसबारे वास्तविक तथ्याङ्क र सत्यको खोजी महत्त्वपूर्ण हुने तर्क पीडित २ ले गरिन् ।[१५]

---

[१३] Institute of Human Rights Communication, Nepal (IHRICON). 2006. *Sexual violence in the people's war: the impact of militarism on women and girls in Nepal*. Kathmandu: IHRICON.

[१४] Human Rights Watch. 2014. *Silenced and forgotten: Survivors of Nepal's conflict-era sexual violence*. September 23. www.hrw.org/report/2014/09/23/silenced-and-forgotten/survivors-nepals-conflict-era-sexual-violence; मा उपलब्ध; कात्तिक ८, २०८३ मा हेरिएको ।

[१५] पीडित २ सँग असोज २१, २०८३ मा गरिको कुराकानी ।

नेपालमा द्वन्द्वकालीन हिंसामध्ये सबैभन्दा कम बोलिएको, सबैभन्दा धेरै लुकाइएको र राज्यले सबैभन्दा ढिलो स्वीकार गरेको विषय यही थियो । लामो समयसम्म द्वन्द्वकालका बलात्कार तथा यौनजन्य हिंसालाई न त औपचारिक रूपमा अपराध मानियो, न त पीडितलाई आफ्ना अनुभव अभिव्यक्त गर्ने सुरक्षित वातावरण बनाइयो । यसले गर्दा पीडितहरू सामाजिक दुर्व्यवहार, संस्थागत असंवेदनशीलता र न्याय प्रक्रियाको कमजोरीबाट पुनः पीडित हुन पुगे ।

सशस्त्र द्वन्द्वका क्रममा बलात्कार तथा यौनहिंसामा परेका धेरै महिला र किशोरीहरू लामो समयसम्म द्वन्द्वपीडितको परिभाषा, तथ्याङ्क र न्याय प्रक्रियाभित्र समेटिन सकेनन् । "ग्रामीण क्षेत्रका अधिकांश महिलाले यौनहिंसालाई मानवअधिकार उल्लङ्घन वा अपराधका रूपमा नभई 'लाज हुने कुरा' वा 'आफ्नो भाग्य' का रूपमा बुझ्ने सामाजिक अवस्थाले पीडितहरू न्याय खोजीको प्रक्रियामै आएनन्", द्वन्द्व पीडित तथा अभियन्ता सुमित्रा चौधरीले बताइन् ।[१६]

पितृसत्तात्मक समाजमा महिलाको यौनिकतालाई परिवारको इज्जतसँग जोडिन्छ । महिलालाई आफूविरुद्ध भएको अपराधबारे बोल्नभन्दा पनि लुकाउन लगाइन्छ । हिंसाबारे बोले परिवार भत्किने, श्रीमान्ले छोड्ने, समुदायले अपमान गर्ने वा छोराछोरीको जीवनमा असर पर्ने डरले धेरैले आफ्नो अनुभव लुकाउन बाध्य भए । कतिपयले आजसम्म पनि आफ्ना श्रीमान्लाई आफूमाथि भएको अपराध बताउन सकेका छैनन् । आफू यौनहिंसा पीडित हो भन्ने छोराछोरीले थाहा पाएमा तिनलाई मानसिक असर पर्ने डरका कारण मौन बसेका छन् कतिपय पीडित । समाजले यौनहिंसा पीडितलाई 'आचरण बिग्रेको' व्यक्तिका रूपमा हेर्ने हुँदा उनीहरू पहिले आफ्नो सम्मान पुनर्स्थापित गर्न लड्न बाध्य भए । पीडित तथा राजनीतिकर्मी खड्का भन्छिन्, "कम्तीमा मलाई आचरण बिग्रेको दर्जाबाट पीडितको दर्जामा त ल्याइदेऊ भन्ने हो हाम्रो माग ।"[१७] यसले यौनहिंसाको पीडा केवल शारीरिक वा कानूनी विषय नभई सामाजिक प्रतिष्ठा र पहिचानसँग गहिरो रूपमा जोडिएको देखाउँछ ।

१४ वर्षको उमेरमा माओवादी आन्दोलनमा लाग्ने निर्णय गर्दा उत्पीडित वर्गको उत्थानका लागि सङ्घर्ष गर्ने सपना देखेकी पीडित १ ले आफ्नै लागि न्यायको दुष्कर यात्रा तय गर्नुपर्ला भनेर कल्पना गरेकी थिइनन् । जमिनदारको शोषण देखेर हुर्किएकी उनलाई माओवादी आन्दोलनले सामाजिक विभेदविरुद्ध लड्ने बाटो देखाएको थियो । सुरुमा चिठी ओसारपसारबाट सुरु भएको उनको राजनीतिक संलग्नता पछि सशस्त्र सङ्घर्षसम्म पुग्यो । तर,

---

[१६] चौधरीले जेठ २६–२७, २०८३ मा काठमाडौँमा आयोजित दोस्रो राष्ट्रिय स्मृति सम्मेलन - २०८३ मा व्यक्त गरेको अनुभव ।

[१७] खड्कासँग वैशाख ३१, २०८३ मा गरिएको कुराकानी ।

उनले आफूले भोगेको यौनहिंसाबारे लामो समयसम्म कसैलाई बताउन सकिनन्। परिवारलाई भनिनन्, आफ्नै दलभित्र पनि खुल्न सकिनन्। महिला मुक्तिको कुरा गर्ने राजनीतिक सङ्गठनभित्र समेत आफ्नो पीडाबारे बोल्न सक्ने वातावरण नपाएको उनको गुनासो छ।[१८] घटना हुँदा अविवाहित ती पीडितले विवाहपछि हालसम्म पनि आफ्नो श्रीमान्लाई उक्त हिंसाबारे बताउन सकेकी छैनन्।

वर्षौंपछि पीडित १ ले आफूले भोगेको घटनाबारे साँचो उजुरी दिइन्। सुरुमा यातना पीडितका रूपमा दर्ता गराएको उजुरीमा पछिल्लो पटक भने यौनहिंसाको विषय स्पष्ट रूपमा समेटिन्। त्यसबाहेक उजुरीका लागि उनले अन्य पीडितलाई पनि सघाएकी थिइन्। उजुरी सहजीकरण गर्दाको अनुभव बाँड्दै उनी भन्छिन्, "हामीले एक जना महिलालाई पनि उनको घरमा गएर फारम भरेनौं। जङ्गलमा घाँस काट्न गएको ठाउँमा, कतै अरू काम गरिरहेको ठाउँमा गएर भेट्यौं। घटना हुँदाको समय र अहिलेको पीडितको सामाजिक अवस्था फरक छ। अधिकांश विवाहित छन्। परिवार छ। गोपनीयता अहिले झन् महत्त्वपूर्ण बनेको छ तर उनीहरू निश्चिन्त हुन सकेका छैनन्। कति पीडितले भरिसकेको उजुरी फारम पनि च्यात्न लगाए। न्याय पाइन्छ भन्ने विश्वास पीडितमा थिएन।" उजुरी सङ्कलनमा सहजीकरण गरेकी अर्की पीडित ३ ले पनि विवाह गरेर परिवारसँग भएका महिलाहरूले उजुरी दिन नमानेको बताइन्।[१९]

यातना पीडितकै रूपमा पहिलो पटक उजुरी दिएकी पीडित २ को अनुभव पनि उस्तै छ। उनले पनि ऐनको संशोधनसँगै पुनः उजुरी दिन पाउँदा यौनहिंसा पीडितको पहिचानसहित उजुरी दिएकी हुन्। न्यायको आशा धेरै नभए पनि परिवर्तनको लागि सङ्घर्ष गरेका महिलाहरूको योगदान र पीडा भावी पुस्ताले नबिर्सिऊन् भनेर उजुरी दिएको बताउँछिन् उनी।[२०] आफू लागेको राजनीतिक दल पटक पटक सरकारमा गए पनि केही नगरेको, उल्टै पीडितहरूले यौनहिंसा गम्भीर घटना हो भनी बुझाउन परेको र यस्तो अवस्था आउनु दुःखद भएको उनको भनाइ छ।

यौनहिंसा पीडितलाई राज्यले पीडितका रूपमा नस्वीकारेकाले ती लामो समयसम्म 'अदृश्य' त भए नै, पीडकहरूले उन्मुक्ति पाइरहे। प्रक्रिया लम्बिँदा ५० भन्दा बढी पीडितको मृत्यु भइसकेको द्वन्द्व पीडित तथा अधिकारकर्मी गीता रसाइली बताउँछिन्।[२१] उनका

---

[१८] पीडित १ सँग भदौ १८, २०८३ मा गरिएको कुराकानी।

[१९] पीडित ३ सँग साउन ८, २०८३ मा गरिएको कुराकानी।

[२०] पीडित २ सँग असोज २१, २०८३ मा गरिको कुराकानी।

[२१] रसाइलीसँग साउन ४, २०८३ मा गरिएको कुराकानी।

अनुसार आफ्नी दिदीमाथि भएको यौनहिंसा र हत्याविरुद्ध न्यायका लागि आफ्नो लडाइँ सहज थिएन । पीडितको पहिचानसँग उपचार, राहत, परिपूरण, न्याय र सार्वजनिक स्मरणको अधिकार जोडिएको हुँदा राज्यले पीडितको पहिचान स्वीकार्नु महत्त्वपूर्ण हुन्छ भन्छिन् अधिकारकर्मी मन्दिरा शर्मा ।[२२]

द्वन्द्वकालीन यौनहिंसाका शारीरिक, मानसिक, आर्थिक र सामाजिक असर लामो समयसम्म कायम रहने देखिएको छ । यौनहिंसापछि कसैले शारीरिक चोट र दीर्घकालीन स्वास्थ्य समस्यासँग जुध्नुपरेको छ भने कसैलाई मानसिक आघातका कारण सामान्य जीवनयापन गर्न कठिन भएको छ । हिंसाकै कारण कतिपयले विद्यालय छोडे, केहीको रोजगारी गुम्यो, केहीले परिवार र समुदायबाट बहिष्करण सहनुपऱ्यो । आर्थिक स्रोत कमजोर हुँदा उपचार गराउन नसक्ने, दैनिक जीवन धान्न कठिन हुने र भविष्यप्रति आशा गुम्ने पनि भएको छ ।[२३] द्वन्द्वमा बलात्कार पीडित महिलाको राष्ट्रिय सङ्गठनले वैशाख २०८० मा तीन प्रदेशमा गरेको स्वास्थ्य शिविरमा १२७ पीडितको स्वास्थ्य जाँच गरिएको थियो । तीमध्ये ८५ प्रतिशत मानसिक बिरामी थिए भने ११.२ प्रतिशत पीडितले पाठेघर फालिसकेको, ६.३३ प्रतिशतको पाठेघर तत्काल फाल्नुपर्ने र ७०.८ प्रतिशतलाई थप उपचार गर्नुपर्ने चिकित्सकको सुझाव थियो ।[२४]

नेपालले संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्ताव १३२५ र १८२० मा आधारित रहेर २०६७ सालमा पाँच वर्षे पहिलो चरणको राष्ट्रिय कार्ययोजना लागु गरेको थियो । यस कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमा द्वन्द्व प्रभावित तथा यौनजन्य हिंसाबाट पीडित महिला तथा बालिकाहरूका लागि स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श र कानूनी सेवा प्रदान गर्न १५ जिल्लामा सेवा केन्द्रहरू तथा एकद्वार सङ्कट व्यवस्थापन केन्द्र सञ्चालन गरिएको उल्लेख छ ।[२५] यद्यपि सोही प्रतिवेदनमा द्वन्द्वकालीन यौनहिंसा पीडित र प्रभावितहरू

---

[२२] शर्मासँग भदौ २३, २०८३ मा गरिएको कुराकानी ।

[२३] नटन, एलेना र रिसाल, सुसन । २०७९ । नेपाल द्वन्द्वसँग सम्बन्धित यौनजन्य हिंसाका पीडित तथा उत्तरजीवीहरूका लागि परिपूरणको अवसरसम्बन्धी अध्ययन । काठमाडौँ : इन्टरनेसनल सेन्टर फर ट्रान्जिसनल जस्टिस, नागरिक आवाज, द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जाल, ग्लोबल सर्भाइभर्स फण्ड ।

[२४] खतिवडा, सुदर्शन । २०८० । सशस्त्र युद्धका बलात्कार पीडितमा भयावह मानसिक समस्या । *अनलाइन खबर*, पुस ११ । www.onlinekhabar.com/2023/12/1411471 मा उपलब्ध, कात्तिक ११, २०८३ मा हेरिएको ।

[२५] नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का प्रस्तावहरू १३२५ (महिला, शान्ति र सुरक्षा) र १८२० (द्वन्द्वकालमा हुने यौनजन्य हिंसा रोक्ने) को कार्यान्वयन गर्न पहिलो राष्ट्रिय कार्ययोजना

खुलेर बोल्ने नसक्ने र यसका लागि विशेष राहत तथा लक्षित कार्यक्रम आवश्यक रहेको औंल्याइएको थियो।[२६]

यद्यपि सरकारले यस कार्ययोजनाको पहिलो चरणमा सुरक्षाकर्मीहरूलाई मानवअधिकार तथा महिला र बालिकाका अधिकारसम्बन्धी सचेतना कार्यक्रम, स्थानीय तहमा सशक्तीकरण, दुवै पक्षका पीडित तथा महिला लडाकुहरूको पुनर्स्थापना, विद्यालयको पाठ्यक्रममार्फत सङ्क्रमणकालीन न्याय र द्वन्द्वसम्बन्धी साक्षरता कार्यक्रम, र नीतिहरूमा समग्र लैङ्गिक-संवेदनशील दृष्टिकोण लागू गर्ने जस्ता विभिन्न कार्यक्रम सञ्चालन गऱ्यो।[२७] दोस्रो चरणमा तीन वर्षे कार्ययोजनामा राहत तथा परिपूरण, क्षमता विकास, स्रोत व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयलाई प्राथमिकतामा राखे पनि अहिलेसम्म पीडितको राहत र परिपूरणमा ठोस प्रगति भएको छैन।

## ३.२ पुरुष तथा अन्य लैङ्गिक पहिचानका पीडित

द्वन्द्वकालीन यौनहिंसाबारे नेपालमा सार्वजनिक बहस मुख्यतः महिला र बालिकाले भोगेको हिंसामा केन्द्रित छ। यो स्वाभाविक पनि हो, किनकि उपलब्ध अध्ययन र अभिलेखले उनीहरू नै अत्यधिक प्रभावित देखाएका छन्। तर प्रहरी हिरासत र माओवादी नियन्त्रणमा रहँदा पुरुषमाथि पनि यौनहिंसा भएका घटना सार्वजनिक भएका छन्। द्वन्द्वरत दुवै पक्षले पुरुषलाई पनि निर्वस्त्र बनाउने, यौनाङ्गमा चोट पुऱ्याउने, शारीरिक यातना दिने र यौनिक अपमान गर्नेजस्ता कार्य गरेका थिए।[२८]

---

(२०६७/६८–२०७१/७२) तर्जुमा गरी २०६७ माघ १८ गतेदेखि लागू गरेको थियो। १० जिल्ला छनौट गरी साथी नेपाल संस्थाले यसको अनुगमन तथा मूल्याङ्कन गरेको थियो।

[२६] साथी नेपाल। २०७१। संयुक्त राष्ट्र सङ्घ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना (२०६७/६८ –२०७१/७२) को मध्यावधि अनुगमन प्रतिवेदन, २०७१। पृष्ठ १२

[२७] Rayamajhi, Ameesha and Shreshtha Deepesh. 2022. The lasting scars of war: sexual violence during the conflict. January 22, *The Record*. www.recordnepal.com/the-lasting-scars-of-war-sexual-violence-during-the-conflict मा उपलब्ध; कात्तिक ११, २०८३ मा हेरिएको।

[२८] सुवेदी, दिनेश। २०८२। सङ्क्रमणकालीन न्याय : यौनहिंसामा परेका पुरुषको व्यथा कस्ले सुन्ने ? *नागरिक दैनिक*, साउन १८। https://nagariknews.nagariknetwork.com/social-affairs/who-

नेपालको हालको फौजदारी संहिता र कानूनी परिभाषाले मुख्यतया महिला वा बालिकामाथि हुने बलात्कारलाई मात्र मान्यता दिएको छ । यसले गर्दा द्वन्द्वको समयमा वा अन्य परिस्थितिमा बलात्कार तथा यौनहिंसाको शिकार भएका पुरुष, बालकहरू, तथा ट्रान्सजेन्डर व्यक्तिले न्याय माग्न वा उजुरी दर्ता गर्न सक्ने बाटो बन्द जस्तै छ ।

पुरुषमाथि भएको यौनहिंसा सार्वजनिक रूपमा कम चर्चामा आउनु पितृसत्तात्मक पुरुषत्वसम्बन्धी मान्यता हो । यौनहिंसासम्बन्धी उजुरी प्रक्रियामा पुरुषका अनुभव पर्याप्त समेटिएनन् भन्ने सवाल पनि उठेको थियो । आयोगकी सचिव निर्मला अधिकारी भट्टराईले कुनै पनि उजुरी नखोलिएकाले त्यहाँ पुरुषका उजुरी भए नभएबारे केही थाहा नभएको बताइन् ।[२९] पछिल्लो पटकको उजुरीमा महिलाका लागि विशेष व्यवस्था गरिए पनि पुरुष, बालक तथा ट्रान्सजेन्डरका लागि कुनै बेग्लै कार्यविधि नबनाउनुले राज्य फेरि पनि द्वन्द्वकालीन यौनहिंसामा साँघुरो सोचबाटै ग्रसित भएको देखाउँछ । त्यसैले द्वन्द्वकालीन यौनहिंसाबाट पीडित सबै समेटिन सकून् भन्नका लागि सबैखाले पीडितको अनुभव र आवश्यकता सम्बोधन गर्ने संरचनाको खाँचो देखिन्छ ।

---

will-listen-to-the-suffering-of-men-who-have-been-sexually-assaulted-52-32.html मा उपलब्ध, कात्तिक ११, २०८३ मा हेरिएको ।

[२९] भट्टराईसँग भदौ २४, २०८३ मा गरिएको कुराकानी ।

# ४. उजुरीदेखि न्यायसम्म: उपलब्धि र बाँकी चुनौती

## ४.१ असंवेदनशील उजुरी प्रक्रिया

विस्तृत शान्ति सम्झौतामा विद्रोही र तत्कालीन सरकारले हस्ताक्षर गरेको एक दशकपछि मात्रै उजुरी प्रक्रिया अघि बढ्न सक्यो । सत्य निरूपण तथा मेलमिलाप आयोगले पहिलो पटक वैशाख ५, २०७३ मा ६० दिन म्याद तोकेर प्रत्येक जिल्लाको स्थानीय शान्ति समिति वा आयोगको केन्द्रीय कार्यालयमा बुझाउने गरी उजुरी आह्वान गरेको थियो । पछि ३० दिन म्याद थपियो । दोस्रो पटक असार १७, २०७४ देखि साउन २४, २०७४ सम्म थप उजुरी लिइयो । कुल ६३ हजार ७ सय १८ उजुरीमा यौनहिंसाका ३१४ उजुरी मात्रै परे । दुई दुई पटक उजुरी आह्वान गर्दा पनि थोरै सङ्ख्यामा उजुरी पर्नुको कारण भने उजुरी सङ्कलन प्रक्रिया नै थियो । उजुरीका लागि कि तोकिएको कार्यालयमा जानुपर्थ्यो कि इमेलबाट उजुरी पठाउन सकिन्थ्यो । ती कार्यालयको संरचना र व्यवस्थापन यौनहिंसा पीडितका लागि सहज थिएनन् । अधिकांश पीडित गाउँका, दुर्गम ठाउँका भएको सन्दर्भमा इमेल उपयुक्त माध्यम झन् थिएन ।

सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ मा यौनहिंसाका उजुरी लिँदा आयोगमा बोलाउनुभन्दा सम्बन्धित व्यक्ति रहे बसेको स्थानमा गएर जानकारी लिन उपयुक्त देखिएमा आयोगले सोको समेत व्यवस्था गर्ने, उजुरी वा जानकारीका लागि बेग्लै कक्ष र आवश्यकताअनुसार दोभाषे वा सहजकर्तासमेत व्यवस्था गर्ने जस्ता कुरा छन् । तर पनि पीडितहरूलाई सबैका सामुन्ने फारम भर्न लगाइएको पीडितहरूले बताए । उजुरी सङ्कलन गर्ने स्थानीय शान्ति समितिहरूमा अधिकांश कर्मचारी पुरुष थिए र तिनले यौनहिंसा जस्ता संवेदनशील मुद्दाका उजुरी व्यवस्थापन गर्न तालिम लिएका थिएनन् ।[३०]

---

[३०] Rai, Dewan. 2016. TRC records 295 complaints on sexual assault. *The Kathmandu Post,* December 2. https://kathmandupost.com/miscellaneous/2016/12/02/trc-records-295-complaints-on-sexual-assault मा उपलब्ध; कात्तिक १२, २०८३ मा हेरिएको ।

कतिपय जिल्लाका शान्ति समितिले यौनहिंसाबारे उजुरी लिन नमानेको समेत पीडितहरूको आरोप छ ।[३१] उजुरी लिनेले असहज प्रश्न गरेको अनुभव द्वन्द्व पीडित तथा अधिकारकर्मी गीता रसाइलीले सुनाइन् ।[३२] उनले भनिन्, "कहाँ भएको यौनहिंसा ? देखाउनू त भनेर समेत सोधे । जसका विरुद्ध उजुरी लिएर गएको छ, उही शान्ति समितिको कार्यालयमा देखिने स्थितिसमेत थियो । त्यस्तो त्रासमा कसरी उजुरी दर्ता गराउने ?" शान्ति सम्झौतापछिका वर्षमा द्वन्द्वकालीन यौनहिंसाका लागि जवाफदेहिता सुनिश्चित गर्न नेपालले चुनौती सामना गरिरहेको र सत्य निरूपण तथा मेलमिलाप आयोगमा यौनहिंसाका उजुरीका लागि गोप्य संयन्त्र स्थापित नभएको तथ्य नेपालबारे संयुक्त राष्ट्रसङ्घको मानवअधिकार परिषद्मा प्रस्तुत एक प्रतिवेदनले पनि औँल्याएको थियो ।[३३]

यही त्रुटिपूर्ण संरचना र प्रक्रियाले गर्दा धेरै पीडितले आफूमाथि भएको बलात्कार वा यौनहिंसालाई 'यातना पीडित' भनेर दर्ता गराउन बाध्य भए । पीडित तथा राजनीतिकर्मी देवी खड्काका अनुसार तत्कालीन विद्रोही र राज्य दुबै पक्षले यौनहिंसाका उजुरी राष्ट्रिय लज्जाको विषय हुने भएकाले यसबारे 'मौन' रहन भनिएको थियो ।[३४] गोपनीयता, सुरक्षा तथा मनोसामाजिक परामर्शजस्ता आधारभूत आवश्यकताको बन्दोबस्त गरेर मात्रै उजुरी दर्ताका लागि आह्वान गरिनु पर्दथ्यो । त्यसबाहेक बलात्कार र यौनहिंसामा तत्कालीन कानूनमा उजुरीका लागि ३५ दिने हदम्याद थियो ।[३५] द्वन्द्वकालीन यौनहिंसामा यो हदम्याद के हुने भन्ने कुनै निर्णय नै गरिएको थिएन । यसप्रकार तत्कालीन कानूनी व्यवस्थाले पीडितलाई उजुरी दिन प्रोत्साहन नगरेको देखिन्छ ।

---

[३१] Human Rights Watch. 2024. Breaking barriers to justice: Nepal's long struggle for accountability, truth and reparations. March 5. www.hrw.org/report/2024/03/05/breaking-barriers-justice/nepals-long-struggle-accountability-truth-and मा उपलब्ध; कात्तिक १७, २०८३ मा हेरिएको ।

[३२] रसाइलीसँग साउन ४, २०८३ मा गरिएको कुराकानी ।

[३३] International Commission of Jurists, Advocacy Forum–Nepal, & Global Survivors Fund. 2025. Submission to the Universal Periodic Review of Nepal: 51st session of the Working Group on the Universal Periodic Review. United Nations Human Rights Council.

[३४] खड्कासँग वैशाख ३१, २०८३ मा गरिएको कुराकानी ।

[३५] २०७९ मा मुलुकी अपराध संहितामा भएको संशोधनपछि उक्त हदम्याद दुई वर्ष भएको छ ।

गम्भीर अपराधमा हदम्याद तोकिनु उचित नहुने लगायतका विषयमा सर्वोच्च अदालतमा परेको मुद्दामा संविधानको मौलिक हक एवं न्यायसम्बन्धी व्यवस्था र संविधानले अङ्गीकार गरेको न्यायको मान्य सिद्धान्तविपरीत भएकोले संविधान र न्यायसङ्गत हुने गरी संशोधन र परिमार्जन गर्नुपर्ने आदेश जारी गऱ्यो ।[३६] यो फैसलाले कानून संशोधनका लागि महत्त्वपूर्ण भूमिका खेल्यो । तर, त्यसअघि नै कानून र सरोकारवाला निकाय बाधक भएकाले यौनहिंसा पीडितलाई न्याय तथा राहत वा परिपूरण दाबी गर्ने अवसर मिलेन । द्वन्द्वकालीन बलात्कार तथा यौनहिंसाका उजुरी दर्ता गराउने प्रारम्भिक व्यवस्थाले नै पीडितका लागि अनुपयुक्त समयसीमा तोकिदियो ।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को तेस्रो संशोधनपछि जबरजस्ती करणी वा गम्भीर यौनहिंसामा परेका पीडितलाई जेठ ४, २०८२ मा सूचना प्रकाशन गरी उजुरी आह्वान गरियो । यद्यपि नेपालको पितृसत्तात्मक सामाजिक संरचनामा तीन महिना र त्यो पनि एक पटकका लागि मात्रै उजुरी आह्वान गर्नु उचित नहुने अधिकारकर्मीहरूको भनाइ छ । बलात्कार र यौनहिंसाजस्तो गम्भीर हिंसाको आघात दुई दशकसम्म साथमा एक्लै लिएर बसेका महिलालाई 'तीन महिनाभित्र उजुरी दिन आऊ' भनेर दिएको कानूनी आदेशले राज्यले अझै पनि महिलाका फरक अनुभव, असर र उनीहरूको पीडाको गहिराइ नबुझी यसलाई एउटा प्रशासनिक प्रक्रिया मानेको देखिन्छ ।[३७]

प्रारम्भिक चरणमा दर्ता भएका उजुरीले वास्तविक घटनाको प्रतिनिधित्व नगर्ने भन्दै पीडितहरूले द्वन्द्वका बेला राज्य र द्वन्द्वरत पक्षबाट भएका सबै यौनजन्य हिंसाका घटना दर्ता हुनुपर्ने माग गरेका थिए । ऐन संशोधन गरिएपछि पहिलेभन्दा १३ गुणा बढी उजुरी परे । यद्यपि उजुरी आह्वानको सूचना असंवेदनशील भनेर पीडितहरूले सुरुमा यसको विरोध गरेका थिए ।[३८] पछि भने उजुरी दर्ता गराउन द्वन्द्व पीडितका लागि काम गर्ने विभिन्न सङ्घस्थाले सहजीकरण गरे । "पीडित तिमी मात्रै होइन, हामी धेरै छौँ भन्ने जस्ता सन्देश दिने" गरी आफूजस्तै पीडितहरूले

---

[३६] सर्वोच्च अदालत, विशेष इजलास, निर्णय नं. ९०५१, परमादेशसमेत, *नेपाल कानुन पात्रिका* २०७०, अङ्क ९, फैसला मिति २०७०/०९/१८ (२०१४ जनवरी २), https://nkp.gov.np/full_detail/256 मा उपलब्ध, कात्तिक १०, २०८३ मा हेरिएको ।

[३७] कार्की, दुर्गा । २०८३ । द्वन्द्वकालीन जबर्जस्ती करणी र यौनहिंसा सम्बोधनमा कानूनी छिद्र । *शिलापत्र*, कात्तिक ११ । https://shilapatra.com/detail/197603 मा उपलब्ध, कात्तिक ११, २०८३ मा हेरिएको ।

[३८] शर्मा, भाषा । २०८२ । सत्य निरुपण तथा मेलमिलाप आयोगलाई पहिलो गाँसमै ढुङ्गा । *नागरिक दैनिक*, जेठ ११। https://nagariknews.nagariknetwork.com/politics/1476857-1748183090.html मा उपलब्ध; कात्तिक १४, २०८३ मा हेरिएको ।

शुरूआत गरेको अभियान र कानूनी स्पष्टताले पनि घटना अगाडि ल्याउनुपर्छ भन्ने हौसला थपेको बताउँछिन् पीडित तथा राजनीतिकर्मी देवी खड्का ।[३९] "समयक्रममा पीडितमा पनि यो मेरो गल्ती होइन, त्यसैले मैले न्याय पाउनुपर्छ" भन्ने बुझाइले थप पीडितहरूले आफ्ना मुद्दा उठाउन थालेको द्वन्द्वपीडित महिला राष्ट्रिय सञ्जालमा जोडिएकी पीडित तथा अभियन्ता सुमित्रा चौधरीको तर्क छ ।[४०]

सङ्क्रमणकालीन न्यायको प्रक्रियामा यौनहिंसाका उजुरीको सङ्ख्या बढ्नु एउटा महत्त्वपूर्ण परिवर्तन हो । तर, यसलाई न्याय निरूपणको दिशामा राज्यले गरेको उपलब्धि भनी मान्न मिल्दैन । यो सङ्ख्या बढ्नुमा पीडितको लामो सङ्घर्ष, कानूनी परिवर्तन, नागरिक समाजको पैरवी र आफूले भोगेको हिंसाबारे बोल्न सक्ने वातावरण निर्माण गर्न लागेको समयको पनि योगदान छ ।

## ४.२ गोपनीयता र अनुसन्धानका चुनौती

कानूनी संशोधनपछि उजुरी प्रक्रिया सापेक्षतः सहज बनेको थियो । सत्य निरूपण तथा मेलमिलाप आयोगका कर्मचारी नरेश पुडासैनीका अनुसार बलात्कार तथा यौनहिंसा पीडितको उजुरी दर्ता प्रक्रियामा महिला राखिएको, सफ्टवेयरमार्फत उजुरी कोडिङसहित दर्ता गरिएको र छानबिनका लागि गोप्य टोलीको व्यवस्था गरिएको थियो ।[४१] तर, पीडितले आयोगलाई भन्दा पनि आफूजस्तै अर्को पीडित तथा अधिकारकर्मीलाई विश्वास गरेको देखिन्छ । डीआरसीएनले अन्तर्वार्ता गरेका पीडितले यसै कारणले आफ्नो उजुरीपछि अन्य पीडितको फारम भर्न सघाएको बताए ।

पछिल्लो पटक आयोगले यौनहिंसासम्बन्धी उजुरी दर्ताका लागि तीनवटा विकल्प तोकेको थियो; आयोगको केन्द्रीय कार्यालयमा सोझै बुझाउने वा इमेलद्वारा या हुलाकमार्फत रजिस्ट्री गरेर बुझाउने वा पायक पर्ने जिल्ला सरकारी वकिल कार्यालयमार्फत बुझाउने । पीडितले आफ्नो उजुरी एउटा छुट्टै खाममा हाली सिल गरेपछि केन्द्रीय आयोगको विशेष अनुसन्धान टोलीबाहेक कसैले पनि खोल्न नपाउने कानूनी व्यवस्था गरियो । जबरजस्ती करणी वा गम्भीर यौनहिंसामा परेका पीडित वा निजको तर्फबाट उजुरी दिन छुट भएकाहरूलाई

---

[३९] खड्कासँग वैशाख ३१, २०८३ मा गरिएको कुराकानी ।

[४०] चौधरीले जेठ २६-२७, २०८३ मा काठमाडौंमा आयोजित दोस्रो राष्ट्रिय स्मृति सम्मलेन - २०८३ मा व्यक्त गरेको विचार ।

[४१] पुडासैनीसँग जेठ २०, २०८३ मा गरिएको कुराकानी ।

सत्य निरूपण तथा मेलमिलाप आयोगमा दिने उजुरीको ढाँचा भनेर छुट्टै फारम बनाइएको थियो। नियमावलीमा पहिला भएको 'सकेसम्म महिला कर्मचारी' को सट्टा 'अनिवार्य महिला कर्मचारी' को व्यवस्था पनि गरिएको थियो। यद्यपि माथि उल्लेख भएझैँ पुरुष, बालक तथा ट्रान्सजेन्डरका लागि भने कुनै थप व्यवस्था थिएन।

बलात्कार पीडित महिलाको राष्ट्रिय सङ्गठनजस्ता संस्थाले आफै सहजीकरण गरेकाले पीडितले उजुरी उत्साहपूर्वक दर्ता गराएका थिए। सङ्गठनकी अध्यक्षसमेत रहेकी पीडित तथा राजनीतिकर्मी देवी खड्काका अनुसार ९० प्रतिशतभन्दा बढी उजुरी पीडितका प्रयासले दर्ता हुन सकेको हो। यसका लागि १५० जना पीडितहरू ६६ जिल्लामा परिचालित थिए। यसमा आयोगकी सचिव निर्मला भट्टराई अधिकारी पनि सहमति जनाउँछिन्।[४२] पीडित ३ ले वर्षायाममा उजुरी आह्वान भएकोले दुर्गम ठाउँमा पुग्न नसकिएको बताइन्।[४३] कैयौँले विवाह गरिसकेकाले बदलिएको परिस्थितिमा उजुरी दिन चाहेनन्। त्यसैले त्यस उजुरी आह्वानपछि सबै व्यक्ति समेटिए भन्ने निष्कर्ष निकाल्न मिल्दैन।

यसअघि कानूनीलगायत अन्य थुप्रै अड्चन भोगेका पीडितहरूले उजुरी दिने यो पछिल्लो मौकामा समेत केही अवरोधको सामना गर्नुपऱ्यो। सरकारले पीडितहरूसँग परामर्श नगरी राजनीतिक भागबन्डाका आधारमा आयोगमा नयाँ पदाधिकारी नियुक्त गरेको भन्दै अधिकांश द्वन्द्वपीडित समूह र अधिकारवादीहरूले उजुरी प्रक्रिया बहिष्कार गर्ने घोषणा गरेका थिए। यस्तोमा यौनहिंसा पीडितका सामू एकातिर वर्षौँको लडाइँपछि कानून संशोधनमार्फत थपिएको तीन महिने म्याद गुज्रिने र धेरै यौनहिंसा पीडितहरू सधैँका लागि न्यायको दायराबाट छुट्ने डर थियो भने अर्कातिर उजुरी दिँदा आन्दोलन कमजोर हुने र पीडित-विरोधी भनिने आयोगलाई वैधानिकता दिएको ठहरिने जोखिम थियो। आखिरमा पीडितहरूले उजुरी दिने निर्णय गरे। पुनःपीडित हुने, पहिचान खुल्ने, सामाजिक बहिष्कारमा पर्ने वा वैवाहिक जीवन प्रभावित हुने चिन्ताबाट पीडित ग्रसित थिए। यौनहिंसाका पीडितहरूको सङ्घर्षलाई "सत्य स्वीकार गराउने सङ्घर्ष" को रूपमा व्याख्या गर्छिन् पीडित तथा राजनीतिकर्मी देवी खड्का।[४४] उनका

---

[४२] खड्का, सुदर्शन। २०८२। सशस्त्र द्वन्द्वमा पुरुषलाई पनि यौनहिंसा, न्याय कुरिरहेछन् हजारौं पीडितहरू। *अनलाइन खबर*, भदौ २२। www.onlinekhabar.com/2025/09/1758654/women-who-were-raped-in-the-conflict-reached-66-districts-collected-over-3900-complaints मा उपलब्ध; कात्तिक ११, २०८३ मा हेरिएको।

[४३] पीडित ३ सँग साउन ८, २०८३ मा गरिएको कुराकानी।

[४४] खड्कासँग वैशाख ३१, २०८३ मा गरिएको कुराकानी।

अनुसार प्रारम्भिक चरणमा उनीहरूको माग न्याय वा सजाय मात्र थिएन, "मलाई पीडितको दर्जा देऊ" भन्ने थियो।

अधिकारकर्मी मन्दिरा शर्माका अनुसार यौनहिंसाका घटनाको अनुसन्धान गोपनीयता कायम रहने गरी बन्द कोठामा नै हुनुपर्छ भन्ने माग लिएर उनीहरूले मुद्दा लडेका थिए।[४५] अदालतले यसबारे आदेशसमेत दिए पनि कार्यान्वयन हुन सकेको छैन।

[४५] शर्मासँग भदौ २३, २०८३ मा गरिएको कुराकानी।

# ५. परिपूरण

## ५.१ अन्तरिम राहतमा विभेद

नेपाल सरकारले माओवादी द्वन्द्वमा मृत्यु भएका तथा बेपत्ता पारिएका व्यक्तिका परिवारलाई अन्तरिम राहत उपलब्ध गरायो। द्वन्द्वका क्रममा अङ्गभङ्ग भएका वा अपाङ्गता भएका व्यक्तिलाई आर्थिक राहत दियो। मृतक, बेपत्ता र गम्भीर अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई छात्रवृत्ति दिनेदेखि द्वन्द्वकालमा व्यक्तिगत भौतिक सम्पत्ति नष्ट भएकाहरूलाई क्षतिपूर्ति र पीडित परिवारका सदस्यहरूलाई स्वरोजगारका लागि सीपमूलक तालिमजस्ता राहत पनि नेपाल सरकारले उपलब्ध गराएको छ। आर्थिक राहतमा न्यूनतम रु. २५ हजारदेखि १० लाखसम्म पर्छ। तर यौनहिंसाका पीडितहरू हालसम्म यस अन्तरिम राहत संरचनाभित्रै परेका छैनन्। राहतका लागि धेरै लबिइङ गरिए पनि यौनहिंसा र यातना पीडितलाई 'द्वन्द्वका पीडित' भन्ने मान्यता दिइएन।[४६] यसैकारण उनीहरू राहत कार्यक्रमका लागि योग्य भएनन्।

मानवअधिकार आयोगकी पूर्व सदस्य मोहना अन्सारीले पनि सरकारी राहत कार्यक्रमले यातना र यौनहिंसाका पीडितलाई अन्तरिम राहतका लागि योग्यसमेत नमानेको तर्क गरेकी छन्।[४७] राहतमा विभेद सङ्घीय सरकारले मात्र नभई प्रदेश र स्थानीय सरकारले पनि गरेका छन्। कर्णाली, लुम्बिनी, मधेश तथा बागमती प्रदेशले शहीद परिवार, घाइते तथा अपाङ्गता

---

[४६] Rayamajhi, Ameesha and Shreshtha Deepesh. 2022. The Lasting Scars of War: Sexual Violence during the Conflict. *The Record*, January 22. www.recordnepal.com/the-lasting-scars-of-war-sexual-violence-during-the-conflict मा उपलब्ध; कात्तिक ११, २०८३ मा हेरिएको।

[४७] Ansari, Mohna. 2016. Implementation of Comprehensive Peace Agreement: A Retrospective from Human Rights and Gender Aspects. In *Nepal Transition to Peace: A decade of the comprehensive Peace Accord (2006-2016)*. Pankaj Adhikari, Subash Ghimire and Vidyadhar Mallik, eds., pp. 210–227. Kathmandu: Nepal Transition to Peace Institute.

भएकालाई विभिन्न चरणमा राहत तथा क्षतिपूर्ति दिए पनि यौनहिंसा पीडित उपेक्षामा नै छन्।[४८] ऐनको तेस्रो संशोधनले यौनहिंसा पीडितलाई प्राथमिकतामा राख्ने व्यवस्था गरे पनि विगतका दुई दशकको विभेदको क्षतिपूर्ति कसरी गर्ने भन्ने प्रश्न अझै अनुत्तरित छ।

## ५.२ परिपूरण, सार्वजनिक स्वीकारोक्ति र स्मृतिकरण

परिपूरणको अर्थ राहत र क्षतिपूर्ति रकम वितरण गर्नु मात्र होइन, यसले पीडितको क्षतिको स्वीकारोक्ति, उपचार, पुनर्स्थापना, न्याय र भविष्यमा त्यस्तो हिंसा नदोहोरिने प्रत्याभूतिलाई समेट्छ। तत्कालीन आर्थिक सहायता, निःशुल्क स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, शैक्षिक सहायता, आयआर्जनका अवसर, पीडितको औपचारिक पहिचान र सार्वजनिक स्वीकारोक्ति परिपूरणका महत्त्वपूर्ण पक्ष हुन सक्छन्।

द्वन्द्वकालीन यौनहिंसाका पीडितहरूले मुख्य रूपमा दण्डहीनता अन्त्य गर्दै दोषीमाथि तत्काल कानूनी कारबाही, शारीरिक र मानसिक पुनर्स्थापनाका लागि विशेष स्वास्थ्य सेवा, मनोसामाजिक परामर्श र सुरक्षित आवास, तथा क्षतिपूर्तिसहित पूर्ण परिपूरणको माग राखेका छन्। साथै तिनले न्याय प्रक्रियामा स्वतन्त्र अनुगमन र सुरक्षा, समाजमा सम्मानजनक पुनःएकीकरण, शान्ति सम्झौता र अन्तर्राष्ट्रिय कानूनको पालना, नीति निर्माणमा अर्थपूर्ण सहभागिता, र निःशुल्क कानूनी सहायताको सुनिश्चिततालाई पनि प्राथमिकतामा राखेका छन्।[४९]

पीडित १ का अनुसार द्वन्द्वकालीन यौनहिंसाका पीडितको अनुभव र सङ्घर्षलाई अभिलेख गर्ने सङ्ग्रहालय वा स्मृति स्थल निर्माण आवश्यक छ। उनले भनिन्, "देशमा गणतन्त्र ल्याउन महिलाहरूले पनि सङ्घर्ष गरेका थिए। र, त्यो सङ्घर्षका क्रममा उनीहरूमाथि ज्यादती भएको थियो भन्ने तथ्य बुझिने गरी स्मृतिमा रहनुपर्छ। पैसा मात्र राहत होइन।"[५०] यस्तो

---

[४८] बुढाथोकी, आभास। २०८३। द्वन्द्वकालका यौनहिंसा पीडितः पहिचान न राहत। *अनलाइन खबर*, कात्तिक ५। www.onlinekhabar.com/2026/10/2040377/victims-of-conflict-era-sexual-violence-recognition-not-relief मा उपलब्ध; कात्तिक १३, २०८३ मा हेरिएको।

[४९] सुवेदी, दिनेश। २०८३। शिलालेखमा कुँदिए यौनहिंसा पीडितका माग। *नागरिक दैनिक*, साउन २६। https://nagariknews.nagariknetwork.com/social-affairs/demands-of-sexual-violence-victims-inscribed-on-inscription-55-25.html; मा उपलब्ध; कात्तिक १५, २०८३ मा हेरिएको।

[५०] पीडित १ सँग भदौ १८, २०८३ मा गरिएको कुराकानी।

स्मरणले पीडितलाई देशको राजनीतिक इतिहासमा योगदान र अनुभव भएका नागरिकका रूपमा स्थापित गर्न सक्ने द्वन्द्व पीडित तथा अधिकारकर्मी गीता रसाइलीको तर्क छ ।[५१] उनका अनुसार पीडितहरूका लागि अहिले आत्मसम्मान, सत्य निरूपण र आर्थिक परिपूरण महत्त्वपूर्ण विषय हुन् । केही पीडितले भने राज्यबाट पहिचान नहुँदासम्म स्मृतिको कुनै अर्थ नरहने तर्क राखेका थिए ।[५२]

न्यायको प्रक्रिया लम्बिँदा पीडितको आवश्यकता र न्यायको स्वरूपबारे पनि धारणा बदलिएको देखिन्छ । अधिकारकर्मी मन्दिरा शर्माका अनुसार सुरुवाती चरणमा बदलाभाव र कठोर सजाय नै न्याय हो भने पनि अहिले पहिचान, सङ्घर्षको सम्मान र स्मृतिकरणजस्ता विषय पीडितको प्राथमिकतामा पर्न थालेका छन् ।[५३]

यौनहिंसा भएको दुई दशकभन्दा बढी समयपछि पनि उपचार र आर्थिक सहयोग नपाएका पीडितका आवश्यकता पहिलेभन्दा फरक हुन सक्छन् । यो अवधिमा परिवेश र परिस्थिति धेरै बदलिएको हुन सक्छ । उनीहरूको स्वास्थ्य बिग्रिएको हुन सक्छ, परिवारका सदस्य बितिसकेका हुन सक्छन्, सन्तान हुर्किसकेका हुन सक्छन् वा जीविकोपार्जनका अवसर गुमिसकेका हुन सक्छन् । त्यसैले परिपूरण कार्यक्रमले अहिलेको आवश्यकता सम्बोधन गर्न सक्नुपर्छ ।

आयोगकी सचिव निर्मला अधिकारी भट्टराई पनि घटना भएको समय लम्बिँदै जाँदा पीडितको न्यायप्रतिको दृष्टिकोण बदलिँदै गएको बताउँछिन् ।[५४] सत्यको खोजीसँगै पीडितले राज्यले आफूलाई पहिचान देओस्, सङ्घर्षलाई स्मृतिकरण गरोस् भन्ने चाहेको उनको भनाइ थियो ।

---

[५१] रसाइलीसँग साउन ४, २०८३ मा गरिएको कुराकानी ।

[५२] डीआरसीएनले असार २२, २०८३ मा धनगढीमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा व्यक्त भनाइ ।

[५३] शर्मासँग भदौ २३, २०८३ मा गरिएको कुराकानी ।

[५४] भट्टराईसँग भदौ २४, २०८३ मा गरिएको कुराकानी ।

# ६. राजनीतिक जिम्मेवारी

सत्य निरूपण तथा मेलमिलाप आयोगमा तेस्रो पटक पदाधिकारी नियुक्ति हुँदा पीडितहरूले त्यसको व्यापक विरोध गरेका थिए । भदौ २३-२४, २०८२ को आन्दोलनपछि भएको निर्वाचनले माओवादी द्वन्द्वकालमा अस्तित्वमा नै नभएको रास्वपालाई सत्तामा स्थापित गऱ्यो । रास्वपा सरकारले यसअघिको सरकारले गरेका सबै राजनीतिक नियुक्ति बदर गरेपछि यस आयोग पदाधिकारीविहीन भयो । रास्वपाको सत्तारोहणसँगै पीडितहरूमा दुई परस्पर विरोधी आशङ्का उब्जाएको छ । पहिलो रास्वपा सरकारले सङ्क्रमणकालीन न्यायको अपनत्व नलिने हो कि भन्ने । दोस्रो, दलीय हिसाबले द्वन्द्वकालसँग असम्बन्धित तटस्थ शक्ति भएकाले बिनापूर्वाग्रह सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउँछ कि भन्ने ।

द्वन्द्व पीडित तथा अधिकारकर्मी गीता रसाइलीलाई रास्वपाले सङ्क्रमणकालीन न्याय र द्वन्द्वकालीन संवेदनशीलतालाई राम्ररी बुझेको छैन भन्ने लाग्छ ।[५५] सङ्क्रमणकालीन न्यायकी अध्येता रुकमणी महर्जनलाई पनि द्वन्द्वकालीन राजनीतिक प्रक्रियासँग प्रत्यक्ष जोडिएको शक्ति नभएकाले रास्वपासँग विस्तृत शान्ति सम्झौता र सङ्क्रमणकालीन न्यायको ऐतिहासिक संवेदनशीलताप्रति पर्याप्त संस्थागत स्मृति नहुन सक्छ भन्ने लागेको छ ।[५६] पीडित १ भन्छिन्, "हामीले देशमा गणतन्त्र ल्याउन ठूलो सङ्घर्ष गरेका थियौँ । अहिले त्यो कुरा सुन्न कोही तयार छैनन् । रास्वपाका सांसदहरू अन्य दलका मान्छेहरूसँग कुरा गर्नै चाहँदैनन् ।"[५७] उनको आशय पनि रास्वपाका अधिकांश सांसदहरू द्वन्द्व कालमा हुर्किँदै गरेकाले आफूहरूले गरेको सङ्घर्ष र भोगेको पीडा बुझ्न नसक्लान् कि भन्ने नै थियो ।

फागुन २१, २०८२ मा भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा अहिले संसदमा भएका मुख्य चार दलहरू नेकपा (एमाले), नेपाली काँग्रेस, नेपाली कम्युनिष्ट पार्टी तथा सत्तारुढ दल

---

[५५] रसाइलीसँग साउन ४, २०८३ मा गरिएको कुराकानी ।

[५६] महर्जनसँग कात्तिक १३, २०८३ मा गरिएको कुराकानी ।

[५७] पीडित १ सँग भदौ १८, २०८३ मा गरिएको कुराकानी ।

रास्वपाले घोषणापत्रमा सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउने वाचा समेटेका छन्।[५८] तर, यस्तो वाचा बिस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएयता सबै निर्वाचनका घोषणापत्रमा लेखिँदै आएको पाइन्छ। जेनजी आन्दोलनपछि पूर्वप्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले समेत सङ्क्रमणकालीन न्याय तथा परिपूरणमा काम गरिरहेको भनेकी थिइन्।[५९] अहिले नयाँ सरकार गठन भएपछि कानून मन्त्री सोविता गौतमले सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउन सरकार प्रतिवद्ध भएको बताएकी थिइन्।[६०]

जेनजी आन्दोलनले पुरानो राजनीतिक पुस्ताको विश्वसनीयतामाथि प्रश्न उठाएको थियो। सोही सन्दर्भमा आफू फरक भएको दाबी गर्ने रास्वपाका लागि अन्य दलले सुल्झाउन नसकेको संवेदनशील मुद्दालाई टुङ्गोमा पुऱ्याएर साँचो अर्थमा फरक प्रमाणित गर्ने अवसर अहिले छ। अधिकारकर्मी मन्दिरा शर्मा यो कुनै दल विशेषको मुद्दा मात्र नभई राज्यले न्याय सुनिश्चित गर्ने विषय भएकोले जुनसुकै दलको सरकार भए पनि जिम्मेवारी उत्तिकै हुने बताउँछिन्।[६१] यस अघिका सबै सत्तारुढ मुख्य दलहरू विद्रोही वा राज्यपक्ष भएकाले सङ्क्रमणकालीन मुद्दालाई राजनीतिक नाफाघाटामा तौलेर हेर्थे र द्वन्द्वकालीन यौनहिंसाका घटनामा उनीहरू संवेदनशील हुन सकेका थिएनन् भन्ने उनको थप टिप्पणी थियो। तर, नयाँ दल भएकाले विगतमै टुङ्गिइसकेका मामिला फेरि दोहोऱ्याउनुपर्ने र सुल्झिसकेका विषय फेरि बल्झिने जोखिम पनि छ। रास्वपाले यसका लागि काम गर्न निश्चित व्यक्ति तोक्ने, नागरिक समाजसँग नियमित छलफल गर्ने, र संसद्भित्रै यस विषयका लागि निश्चित समय छुट्याउने जस्ता व्यावहारिक कदमबाट सुरुआत गर्न भने सक्छ।

---

[५८] बजगाई, रघुनाथ। २०८२। चार वटा चुनावको एउटै मुद्दा टीआरसी। *अनलाइन खबर,* फागुन १३। www.onlinekhabar.com/2026/02/1878810/the-same-issue-in-four-elections-trc मा उपलब्ध; कात्तिक १५, २०८३ मा हेरिएको।

[५९] रातोपाटी। २०८२। सङ्क्रमणकालीन न्याय टुङ्ग्याउन सरकार प्रतिबद्ध : प्रधानमन्त्री कार्की। फागुन १२। www.ratopati.com/story/546034/government-committed-to-completing-transitional-justice-prime-minister-karki मा उपलब्ध; कात्तिक १५, २०८३ मा हेरिएको।

[६०] अनलाइन खबर। २०८३। सङ्क्रमणकालीन न्यायलाई टुंगोमा पुऱ्याउन सरकार पूर्ण प्रतिबद्ध छ : मन्त्री गौतम। जेठ ११। www.onlinekhabar.com/2026/05/1939099 मा उपलब्ध; कात्तिक १३, २०८३ मा हेरिएको।

[६१] शर्मासँग भदौ २३, २०८३ मा गरिएको कुराकानी।

विगतमा राजनीतिक दलले सङ्क्रमणकालीन न्यायलाई आफ्नो पक्षका व्यक्तिलाई जोगाउने वा विपक्षीलाई दोषी देखाउने माध्यम बनाउँदा पीडितको अनुभव राजनीतिक खिचातानीको विषय नबनेको होइन। तर, न्यायको प्रक्रिया पीडितको अनुभव, प्रमाण, कानून र निष्पक्ष अनुसन्धानमा आधारित हुनुपर्छ। संसदीय सुनुवाइ समितिका सभापति बोधनारायण श्रेष्ठ यौनहिंसाका विषयमा शून्य सहनशीलताको धारणा व्यक्त गर्दै राजनीतिक स्वार्थभन्दा माथि उठेर परिणाम दिन सक्ने पदाधिकारी नियुक्त गर्नुपर्ने बताउँछन्।[६२]

आयोगकी सचिव निर्मला अधिकारी भट्टराई पनि मन्त्री र रास्वपा सरकार यस विषयमा गम्भीर भएको बताउँछिन्।[६३] उनी भन्छिन्, "अहिलेको सरकारले यस विषयमा काम गर्न नखोजेको होइन। अहिलेको सरकारसँग काम गर्न सक्ने अवसर पनि छ। कसरी न्याय दिन सकिएला, कस्तो पूर्व तयारी गर्ने भन्नेबारे प्रधानमन्त्री र कानूनमन्त्रीबीच छलफल भएको छ।" यद्यपि आयोग पदाधिकारीविहीन भएको सात महिना बितिसक्दा पनि सरकारले नियुक्ति गर्न सकेको छैन। भट्टराई स्वयंले नियुक्ति नहुँदा काम अघि बढ्न नसकेको बताइन्। सरकारले अन्य संस्थाहरूमा धमाधम नियुक्ति गरिरहँदा सत्य निरूपण तथा मेलमिलाप आयोगलाई प्राथिमकतामा राखेको देखिदैन। दशकौंदेखि न्याय, राहत र परिपूरणका लडिरहेका पीडितको लडाइँ सरकारको यो रवैयाले थप लम्बिने देखिन्छ।

---

[६२] अनलाइन खबर। २०८३। यौनहिंसाका सर्भाइभर दोहोरो द्वन्द्वमा परे। असार ५। www.onlinekhabar.com/2026/06/1956654/survivors-of-sexual-violence-find-themselves-in-a-double-conflict मा उपलब्ध; कात्तिक १०, २०८३ मा हेरिएको।

[६३] भट्टराईसँग भदौ २४, २०८३ मा गरिएको कुराकानी।

# ७. निष्कर्ष

द्वन्द्वकालीन यौनहिंसाका पीडितहरूले कानूनी मान्यता, परिपूरण र न्यायका लागि आवाज उठाइरहेका छन्। बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को तेस्रो संशोधनले कानूनी अस्पष्टता केही हदसम्म सम्बोधन गरेको छ। यद्यपि संस्थागत कार्यान्वयन र पीडितमैत्री प्रक्रियाको अभावले पीडितप्रति अन्याय गरिरहेकै छ। मानसिक तनाव, सामाजिक अपहेलना, दिगो वित्तीय स्रोतको अभाव आदिले गर्दा यौनहिंसा पीडितहरू सहज जीवनमा फर्कन सकेका छैनन्।

द्वन्द्वकालीन यौनहिंसा पीडितको न्याय सुनिश्चित गर्नका लागि प्रभावकारी र विश्वसनीय सङ्क्रमणकालीन न्याय संयन्त्र पहिलो आवश्यकता हो। त्यसका लागि सत्य निरूपण तथा मेलमिलाप आयोगले उजुरीमाथि काम गर्न सक्ने स्पष्ट कार्यविधि, दक्ष जनशक्ति, पर्याप्त स्रोत र राजनीतिक हस्तक्षेपमुक्त वातावरण पाउनुपर्छ। पदाधिकारी नियुक्ति प्रक्रिया पनि पारदर्शी बनाई दक्ष र अनुभवी व्यक्ति सम्मिलित आयोग बनाउनुपर्छ।

परिपूरण पीडितको अर्को प्राथमिक आवश्यकता हो। स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, जीविकोपार्जन र आवश्यक आर्थिक सहायता अनुसन्धानको अन्तिम परिणाम नकुरीकन गर्नुपर्ने आधारभूत कुरा हुन्। उपलब्ध प्रमाण र पीडितको अवस्थाका आधारमा तत्काल आवश्यक सहायता उपलब्ध गराउने व्यवस्था गर्न सकिन्छ। यसका लागि तीनै तहका सरकारले समन्वयमा काम गर्नुपर्छ। यी सबै कुराहरूमा पीडितको सहभागिता र उनीहरूको आवश्यकता नै प्रमुख हुनुपर्छ। अन्ततः, आयोगका पदाधिकारी नियुक्ति, कानूनको कार्यान्वयन र परिपूरण कार्यक्रमका लागि आवश्यक बजेट तथा जनशक्ति उपलब्ध गराउने जिम्मेवारी सरकारको हो। सरकार कुन दलको भन्ने कुरा महत्त्वपूर्ण हुनुहुँदैन।

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

DEMOCRACY
RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल
ललितपुर, नेपाल
फोन : +९७७-१-५९०२२८६
info@democracyresource.org
https://www.democracyresource.org/